AUSCO

# अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

## आवास

सजिलोसंग पढ्ने




तपाईंको केसवर्कर वा प्रस्तावकले अष्ट्रेलियामा आइपुगे पछि बस्ने स्थान खोज्नुहुनेछ।



यो केवल तपाईंको छोटो समयको घर हुन सक्छ।



तपाईंले लामो समयको लागि स्थायी रुपमा लिनु पर्ने ठाउँ खोज्नु पर्नेछ – स्थायी रूपमा तपाईं लामो समयसम्म बस्न सक्नुहुनेछ।




तपाईंले यो तपाईंको अष्ट्रेलियामा पहिलो ६ महिनामा गर्न आवश्यक छ।

तपाईं बस्न एक स्थान पाउन सक्नुहुन्छ:



- अचल सम्पत्ति एजेन्सीहरू




- तपाईंको केसवर्कर



- तपाईंको प्रस्तावक





- तिम्रो साथीहरु

# आवासको प्रकार



अष्ट्रेलियामा विभिन्न प्रकारका आवासहरू छन् ।

शहरहरूमा मानिसहरू निम्न घरमा रहन सक्छन्:



- अग्ला भवनहरूमा



- टाउन हाउसहरूको ठूलो समूहमा

उपनगरहरूमा मानिसहरू निम्न घरमा रहन सक्छन्:



- साना घरहरूमा



- ठूला घरहरूमा



- सँगै भएका यूनिटहरूको समूहहरूमा

देशका टाढाका (कन्ट्री) शहरहरूमा मानिसहरू यसी बस्न सक्छन्:



- खेती घरहरू (फार्म हाउस)



- कटेजहरू

अष्ट्रेलियाको घरहरू सामान्यतया निम्न कुराहरु छन्:



- एक भान्सा



- एक बैठक कोठा



- लुगा धुने कोठा



- केहि बेडरूम



- बाथरूम



प्राय: बाथरूम मा एक नुहाउने ठाँउ हुन्छ।
केहि बाथरूम मा एक बाथटब हुन्छ।



शौचालय निम्न खाले हुन सक्छ:

- स्नानघर (बाथरूम) मा



- बाथरूम बाहिर सानो कोठामा

# घरभाडा




कसैको स्वामित्वमा रहेको घरमा भाडा तिरेर बस्नुलाई भाडामा बस्ने भनिन्छ।




तपाईंलाई बस्न चाहनु भएको ठाउँ भाडामा पर्नेछ।




तपाईं आफ्नो भाडा निम्न रुपमा तिर्न सक्नुहुन्छ:

- तपाईंको आयबाट – तपाईंले आफ्नो कामबाट कमाउनु भएको पैसा




- तपाईंलें सेन्टरलिंक (Centrelink) मार्फत प्राप्त गर्ने पैसा




अष्ट्रेलियन शहरहरूमा भाडा महंङ्गो पर्न सक्छ।

तपाईंले बस्नुहुने घरको प्रकार र साइजमा फरक फरक हुनेछ:



- तपाईंले बस्नुभएको शहर



- तपाईं बस्न चाहानु भएको शहरको भाग



- तपाईं कति तिर्न सक्नुहुन्छ



निम्न ईलाकामा बस्न सस्तो हुनेछ:

- उपनगर – शहर को बाहिरी भागहरु
- क्षेत्रीय शहरहरू

घरहरू ठूलो पनि हुन सक्छ।

तपाईं बस्ने ठाउँ भाडामा लिन निम्न चाहिन्छ:




- भाडाको करारमा हस्ताक्षर गर्नुहोस्




- भाडाको धरौटी तिर्नुहोस्




- १ महिनाको भाडा तिर्नुहोस्

## घरभाडा सम्झौता गर्दा




भाडाको करार निम्न पक्ष बीचको एक कानुनी कागजात वा सम्झौता हो:

- तपाईं – बहालमा बस्ने
- घर मालिक – घर धनी



भाडाको करारले तपाईंलाई र घर मालिकको संरक्षण गर्दछ ।

यसले निम्न कुरा भन्छ:



- तपाईंले कति रकम भाडा तिर्न पर्छ




- तपाईंले प्राय: कतिमा भाडा तिर्न आवश्यक छ



- तपाईं कति लामो समयको लागि बस्नुहुनेछ





- निम्न सेवाहरूको बिल भुक्तानी कसले गर्ने
    - पानी
    - बिजुली
    - ग्याँस
    - टेलिफोन

# भाडाको धरौटी भुक्तानी




जब तपाईं भाडाको करारमा हस्ताक्षर गर्नुहुन्छ, तपाइँले भाडामा धरौटी पनि तिर्न आवश्यक छ।




भाडाको धरौटी एक-पटकको भुक्तानी हो।
यो ४ हप्ताको भाडा बराबर हुन्छ।



यसले तपाईंलाई संरक्षण गर्दछ यदि तपाईं:

- केहि हानि वा तोडफोड भएमा




- भाडाको करारको मिति अघि निक्लनु परेमा

तपाईंले भाडाको धरौटी फिर्ता पाउनुहुनेछ यदि:




- जब तपाईं घर छोड्नु हुन्छ सबै कुरा ठीक छ भने
- तपाइँले कुनै पनि क्षति वा नोक्सानी गर्नु भएको छैन
- तपाईंले करारको नियमहरू तोड्नु भएको छैन



तपाई भाडाको धरौटी तिर्न मद्दत लिन सक्षम हुन सक्नुहुनेछ।




तपाईले निम्न व्यक्तिहरुबाट सल्लाह प्राप्त गर्न सक्नुहुन्छ:

- तपाईंको केसवर्कर




- आवास सेवाहरू




तपाईंले प्रयोग गर्नुभएका सेवाहरूका लागि भाडा र बिल समयमै तिर्न आवश्यक छ।



यदि तपाईंले समयमा आफ्नो भाडा तिर्नु भएनभने, तपाईंलाई निस्कासित गरिन्छ – बाहिर जान भनिन्छ।



यदि तपाईंले समय मा आफ्नो बिल तिर्नु भएको छैन भने, तपाईंले प्रयोग गर्नुभएका सेवाहरू रद्द गरिन सकिन्छ।

## तपाईंको घरमा बस्दा



घर मालिकसँग तपाईंले भाडामा लिनु भएको घरमा भ्रमण र निरीक्षण गर्ने अधिकार छ।



यो घरको मालिकले तपाईंलाई कहिले हुँदैछ बताउनु पर्दछ।

घर मालिकले निम्न कुराहरु गर्नेछ यदि:



- तपाईंले घर र बगैचा सफा र सुग्घर राखिरहनु भएको छ



- कुनै हानि नोक्सानी छैन

यदि तपाईंले बस्नु भएको स्थान खाली र सफा सुग्घर राख्नु भएको छैन भने :



- तपाईंको छिमेकीहरूले शिकायत गर्न सक्दछन्



- तपाईंलाई घर मालिकद्वारा निकाला गर्न सकिनेछ

# तपाईंले बहालदारको रूपमा गर्न आवश्यक कुराहरू



समयमा आफ्नो भाडा तिर्नुहोस् ।



तपाईंको घरको हेरचाह गर्नुहोस् ।



यदि तपाईंको घरमा केहि हानिनोक्सानी वा तोडफोड भएमा घर मालिकलाई भन्नुहोस् ।



यदि तपाईं आफ्नो घरमा परिवर्तनहरू गर्न चाहनुहुन्छ भने पहिले तपाईंले मालिकलाई सोध्नु आवश्यक छ ।

तिनीहरूले तपाईंलाई अनुमति दिन आवश्यक छ यो ठीक छ ।




यदि तपाईं निक्लने योजना बनाउनुभएको छ भने, तपाईंले ४ हप्ता अघि बताउन आवश्यक छ।




तपाईंको कराले तपाईंलाई बताउनेछ कि घरमा कतिजना बस्न सक्छन्।

थप व्यक्तिहरूलाई कोठा भाडा नदिनुहोस् वा धेरै लामो बस्ने साथीहरूको लागि नदिनुहोला।



आफ्नो छिमेकीको बारेमा सोच्नुहोस् र तपाईंले गरेका कुराहरुले उनीहरूलाई के असर पार्छन्।




रेकर्ड राख्नुहोस् – घरसँग सम्बन्धित रसीदहरू र अन्य कागजातहरू राख्नुस – तपाईं समस्यामा पर्दा काम लाग्न सक्छ।




यदि तपाईं भाडा समाप्त हुनुभन्दा अघि निक्लन चाहानु हुन्छ भने अतिरिक्त पैसा तिर्नुहोस्।

# घर मालिकले गर्न आवश्यक कुराहरु




यदि भाडा परिवर्तन गर्न चाहनुहुन्छ भने कति भाँडा परिवर्तन गर्ने तपाईलाई प्रर्याप्त चेतावनी दिनुपर्छ।



यदि तपाईलाई निकाल्दै छ भने – तपाईलाई बाहिर जानुहोस् भन्दैछ भने तपाईलाई प्रर्याप्त चेतावनी दिनुपर्छ।



लामो समयसम्म प्रतीक्षा नगराई बिग्रेका कुराहरु बनाउनुपर्छ।





यदि तपाईले करारको अनुसार सबै कुरा गर्नुभयो भने तपाईंको भाडा धरौटी फिर्ता गर्नु पर्छ।

# सुरक्षा




सधैँ निम्न कुराहरु बन्द गर्नुहोस्:

- ढोकाहरू
- झ्याल



जब तपाईं खाना पकाउनु हुन्न सधैँ आफ्नो स्टोभ बन्द गर्नुहोस्।



सुनिश्चित गर्नुहोस् कि तपाईंको धूम्रपान अलार्महरू काम गरिरहेका छन्।
हरेक ६ महिनामा – नियमित रूपमा नयाँ ब्याटरीहरू राख्नुहोस्।

# आवासीय जाँचसूची




राम्रो भाडाको अनुभव को लागि तपाईं यो चेकलिस्ट प्रयोग गर्नुहोस्।




तपाईंले बसिरहेको क्षेत्रलाई र तपाईं आफ्नो घर नजिकको के पाउन सक्नुहुनेछ थाहा पाउनुहोला, जस्तै:

- विद्यालयहरू



- यातायात




- पसलहरू



तपाईंको भाडाको करार कति लामो छ र यो कहिले अन्त्य हुनेछ थाहा पाउनुहोला।

तपाईंको भाडा भुक्तान गर्ने बारेमा सबै कुरा जान्नुहोस्:




- कति




- कति पटक




- कहिले तिर्नु पर्छ




जान्नुहोस् कि तपाईंको भाडाको धरौटीको लागि कति खर्च हुनेछ।

भाडामा धरौटी सामान्यतया ४ हप्ताको भाडा बराबर हुन्छ।




जान्नुहोस् कि यदि तपाईं करार समाप्त हुनुभन्दा पहिले निक्लन परेमा कुनै पनि अतिरिक्त पैसा तिर्न आवश्यक छ भने तपाईंको कति हो थाहा पाउनुहोला।



जान्नुहोस् कि भाडामा बस्ने र घर मालिकले के काम गर्नु आवश्यक छ।



तपाईंले आवाश्यक सेवाहरू जडित गर्नुहोला:

- पानी
- बिजुली
- ग्याँस
- टेलिफोन



तपाईंको बच्चाहरु के गर्दैछन् ध्यान दिनुहोस् र हेर्नुहोस् ।



तपाईंले स्वामित्वको  कुनै पनि जनावरहरूको रेखदेख गर्नुहोला ।



तपाईंको घर र बगैंचालाई स्वच्छ र सफा राख्नुहोस् ।



तपाईंको छिमेकीलाई असर पर्ने गरेर हल्ला नगर्नुहोला ।

फहोर मैला बिनमा राख्नुहोस् ।



रीसाइक्लिंग बिनमा पुन: प्रयोजनमा ल्याउने वस्तुहरू राख्नुहोस्:

- कागज र गत्ता
- गिलास
- प्लास्टिक

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभागको तर्फबाट अन्तर्राष्ट्रिय
आप्रवासन संगठन द्वारा प्रदान गरिएको

IOM • OIM